अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/०९/२९

भाग-१

रुन्टीगढी गाउँपालिका

निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्री वितरण व्यवस्थित गर्ने कार्यविधि २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२२

निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्री वितरण व्यवस्थित गर्ने कार्यविधि २०८१

प्रस्तावना :

रुन्टीगढी गाउँपालिका भित्र निजी जग्गाहरूलाई आवास, कृषि, गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, परुवा माटो, चट्टान, स्लेट जस्ता

खानीजन्य पदार्थको उत्खनन सङ्कलन तथा बिक्री वितरण कार्यलाई नियमन एवं व्यवस्थित गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ। गाउँ कार्यपालिकाको मिति २०८१ पुस महिना गतेको बैठकबाट स्वीकृत

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन सङ्कलन तथा बिक्री वितरण व्यवस्थित गर्ने कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि रुन्टीगढी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परीभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "खानी जन्य पदार्थ" भन्नाले भुभर्ग वा भूसतहमा रहेको ढुङ्गा, गिट्टी, वालुवा, चिप्स, ग्राभेल, परुवा माटो, स्लेट आदी पदार्थ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले रुन्टीगढी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "अनुगमन समिति" भन्नाले रुन्टीगढी गाउँपालिकाको पालिका स्तरीय अनुगमन समितिलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले रुन्टीगढी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "कार्यविधी" भन्नाले निजि जग्गाबाट प्राकृतिक स्रोत साधन उत्खनन् सङ्कलन तथा बिक्रिवितरण व्यवस्थित गर्ने कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(च) "उत्खनन्" भन्नाले भुसतहमा आउने परिर्वतनको कारणले वातावरणमा प्रतिकुल प्रभाव पार्ने गरी भूगर्भमा रहेको पदार्थ झिक्ने कार्यलाई सम्झनु पर्छ ।

(छ) "निजी जग्गा" भन्नाले कुनै व्यक्तिको हकभोकको जग्गाधनी प्रमाण पुर्जा प्राप्त जग्गा सम्झनु पर्छ ।

(ज) "इजाजत पत्र" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त इजाजत पत्र सम्झनुपर्छ ।

(झ) "शुल्क वा दस्तुर" भन्नाले गाउँपालिकामा बुझाउनुपर्ने शुल्क वा दस्तुर सम्झनुपर्छ ।

(ञ) "चलाउन पुर्जा" भन्नाले सङ्कलन वा उत्खननबाट निस्केका खानीजन्य पदार्थ तोकिएको स्थानमा लैजान गाउँपालिकाबाट इजाजत प्राप्त व्यक्तिको परिमाण तथा ढुहानी साधनको नम्बर तथा मिति खुलाई जारी गरेको कागजात सम्झनुपर्छ

३. इजाजत पत्र लिनुपर्ने : कार्यविधि बमोजिम गाउँपालिकाबाट इजाजत नलिई कुनै पनि संस्था वा व्यक्तिले आफ्नो स्वामित्वमा रहेको जग्गाको सतह वा भूगर्भमा रहेको ढुङ्गा, गिट्टी, बालुवा, चिप्स, ग्राभेल, परुवा माटो, चट्टान, स्लेट आदि पदार्थ उत्खनन वा सङ्कलन गर्न पाइने छैन ।

४. जरिवाना लाग्ने : गाउँपालिकाबाट इजाजत नलीई उत्खनन वा सङ्कलन गर्ने गरेको पाइएमा गाउँपालिकाले सामान जफत गरी आर्थिक ऐन बमोजिम जरिवाना गर्नेछ।

## परीच्छेद २
# इजाजत प्रक्रिया

५. इजाजत लिनुपर्ने : गाउँपालिकाको क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनीले भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी देहाएका कार्य गर्दा गराउँदा गाउँपालिकाको कार्यालयबाट इजाजत लिनुपर्नेछ।
(क) मेसिन उपकरण प्रयोग गरी वा नगरी जमिन उत्खनन गरी खेतीयोग्य वा भवन निर्माण योग्य बनाउने कार्य ।

(ख) जमिन सतहमा वा जमिनको पींधमा रहेका खानीजन्य पदार्थहरू सङ्कलन गर्ने कार्य ।
(ग) इट्टा वा टायल निर्माणका लागि माटो झिक्ने कार्य ।
(घ) उत्खननबाट निस्किने साधारण खानिजन्य पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने कार्य।
तर हाते औजार प्रयोग गरी आफ्नो स्वामित्वमा रहेको जमिन खनी निस्कने माटो सोही वडामा रहेको आफ्नै जग्गामा लैजानका लागि इजाजत लिनुपर्ने छैन।
६. इजाजतका लागि निवेदन दिने : (१) निजी स्वामित्वमा रहेको जग्गाबाट खानीजन्य पदार्थ संकलन उत्खनन तथा ओसारपसारका लागि देहाय बमोजिमको कागजात संलग्न राखी अनुसूची (१) बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा इजाजतका लागि निवेदन दिनुपर्नेछ ।
(क) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ग ) सम्बन्धित वडाबाट चार किल्ला सहितको सिफारिस पत्र
(घ) जग्गाको भूमि कर (मालपोत) तिरेको रसिदको प्रतिलिपि
(ङ) जग्गाको कित्ता नम्बर खुलेको नाफी नक्साको प्रतिलिपि
(च) उत्खनन गर्न प्रस्ताव गरिएको जग्गाका संधियारहरू (जग्गाधनी)को सहमति
(छ) गाउँपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (५ रोपनी भन्दा कम उत्खनन हुन सक्ने निजी जग्गा व्यवस्थापन गर्दा अनिवार्य नहुने)
(२) धार्मिक वातावरण परीक्षण प्रतिवेदन सम्बन्धी अन्य विधि तथा प्रक्रिया यसै गाउँपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७" मा गरिएको व्यवस्था बमोजिम हुनेछ ।
(३) कृषियोग्य जमिन चक्लाबन्दी परीक्षण गर्न आवश्यक नपर्ने तर जमिन चक्लाबन्दी गरी उत्खनन भएका खानिजन्य पदार्थहरूको बिक्री वितरण गर्दा यसै कार्यविधिले तोके बमोजिम हुनेछ ।

७. इजाजत प्रदान गर्ने विधि : दफा ६ को उपदफा (१) बमोजिम रिटपूर्वक निवेदन प्राप्त भएपछि कार्यालयले देखाए बमोजिमको प्रक्रिया पूरा गरी कागजात प्राप्त भएको मितिले सात दिनभित्र इजाजत दिन सक्नेछ ।
(क) निवेदन उपर प्रारम्भिक छानबिन गरी जग्गाधनीको सनाखत गर्ने ।
(ख) सामाजिक तथा वातावरणीय पक्षको प्रारम्भिक लेखाजोखाको लागि वडा समितिको अध्यक्ष वा सदस्यको रोहबरमा संधियार तथा छिमेकीहरूको भेला गरी अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयले तोकेको प्राविधिक कर्मचारीले प्रतिवेदन तयार गरी पेश गर्ने ।
(ग) निजी जग्गाबाट खानीजन्य पदार्थको उत्खनन कार्यमा प्रयोग हुने यान्त्रिक उपकरण सञ्चालन अनुमतिका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजस्व बुझाउनु पर्ने ।
(घ) जग्गा धनीले उत्खनन गर्दा निस्कने खानीजन्य पदार्थहरूको कुल परिमाण यकिन गरी अनुसूची-३ बमोजिमको दरमा गाउँपालिकामा राजस्व बुझाउने ।

(ङ) खण्ड (ग) र (घ) मा तोके बमोजिमको राजस्व दाखिला भइसकेपछि उत्खनन वा सङ्कलन गर्ने परिमाण उत्खनन तथा ओसारपसार मा प्रयोग हुने उपकरण तथा ढुवानी साधनको विवरण अवधि तोकी संकलनमा उत्खनन कार्यको लागि एक आर्थिक वर्ष नवढ्ने गरी कार्यालयले इजाजत दिन सक्नेछ ।

८. शुल्क वा धरौटी : (१) जग्गा व्यवस्थापन गर्न इजाजत पत्रका लागि निवेदन दिँदा रु ५००।- (पाँच सय) निवेदन दस्तुर तिर्नुपर्नेछ ।

(२) दफा (७) को खण्ड (ङ) बमोजिम इजाजत प्रदान गर्दा सोही दफाको खण्ड (घ) बमोजिम दाखिला गरेको कुल राजस्व रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी राख्नुपर्नेछ ।

९. म्याद थप गर्न सकिने : (१) जग्गाधनीले मनासिप कारण देखाई तोकिएको अवधि भित्र तोकिएको अवधिभित्र तोकिएको परीमाणमा उत्खनन तथा ओसार पसार गर्न नसकेमा म्याद थपका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले भए गरेको कामको नापजाँच गरी प्रतिवेदन पेश गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(३) प्राविधिक कर्मचारीले दिएको प्रतिवेदन वडाको सिफारिसको आधारमा माग भई आएको कारण मनासिप देखिए बाँकी रहेको कार्यसम्पादन गर्न कार्यालयले म्याद थप गर्न सक्नेछ ।तर एक आर्थिक वर्ष नाग्नेगरी म्याद थप गर्न सकिने छैन ।

१०. विवरण हेरफेर गर्न सकिने : खानीजन्य पदार्थको संकलन उत्खनन तथा ओसारपसारका लागि इजाजत पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा ढुवानी साधनको विवरण परिवर्तनका लागि माग भई आएमा आवश्यकता र औचित्यताका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछन् ।

## परिच्छेद-३
## उत्खनननका लागि शर्त तथा मापदण्ड

११. उत्खननका लागि सर्त तथा मापदण्ड : उत्खननको लागि इजाजत प्राप्त व्यक्तिले प्रस्तावित स्थानमा उत्खनन गर्दा देहाए बमोजिमको शर्त तथा मापदण्ड पालना गर्नुपर्नेछ ।

(क) उत्खनन इजाजतपत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा ढुवानीका साधनको मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबैभन्दा तल्लो तहसम्म मात्र उत्खनन गर्नु पर्नेछ ।

(ग) डाँडा खोल्सा मिलाई खेती योग्य जमिन बनाउने कार्यको हकमा सबैभन्दा उँचो भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन गर्नुपर्नेछ ।

(घ) ढुङ्गा, गेग्रान, गिट्टी, बालुवा हटाई जमिन सुधार गर्न वा खेतीयोग्य बनाउन प्राविधिक नापजाँच भएको परिमाण मात्र हटाउनुपर्नेछ। र शर्त उल्लङ्घन गरी खाडल पुर्नुपर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित जग्गाधनीले गर्नुपर्नेछ।

(ङ) उत्खनन कार्य बिहान सूर्योदय देखि बेलुका सुर्यस्त सम्म मात्र गर्नुपर्नेछ।

१२. इजाजत दिन नसकिने : देहायको अवस्था र जग्गाबाट खानीजन्य पदार्थ सङ्कलन तथा उत्खनन गर्न इजाजत दिइने छैन ।

(क) सरकारी प्रति जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रही भोकाधिकार मात्र प्राप्त भएको जग्गा ।

(ख) पर्यटकीय स्थलको प्रभाव क्षेत्रभित्रको जग्गा ।

(ग) नदि वन र अन्य किसिमको सार्वजनिक जग्गा ।

(घ) कुनै जग्गा प्रभावित उत्खननले कुनै प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औंल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

(ङ) खानीजन्य पदार्थ उत्खनन गर्न निषेध भएको जग्गा ।

(च) रुख कटान गरी उत्खनन गर्नुपर्ने जग्गा ।

(छ) कार्यालयबाट भएको सामाजिक र वातावरणीय लेखाजोखाको अनुपयुक्त देखाएको जग्गा।

१३. ओसारपसार गर्दा पालना गर्नुपर्ने सर्त र मापदण्डहरु : इजाजत लिई सङ्कलन वा उत्खननबाट निस्केका खानीजन्य पदार्थहरू अन्यत्र ओसारपसार गर्दा देहाएको शर्त तथा मापदण्ड पालना गर्नुपर्नेछ ।

(क) उत्खनन स्थलबाट अन्यत्र ओसारपसार गरिने पदार्थहरूको उत्खनन कर्ताले पटके चलान पुर्जा जारी गरी सोको अभिलेख तोकिएको ढाँचामा राख्नुपर्नेछ । चलानपुर्जा तथा खाताको नमुना गाउँपालिकाबाट लिई खनीजन्य पदार्थ संकलन वा उत्खनन कर्ता स्वयंले छपाई गर्नुपर्नेछ ।

(ख) खानीजन्य पदार्थको सङ्कलन तथा उत्खनन कार्यसम्पन्न भएपछि चलान पुर्जाको एक प्रति र सोको परिमाण खुल्ने टेरिज तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढोकेर लैजानुपर्ने ।

(घ) ओसारपसार गर्ने भित्री बाटोहरुमा क्षति भएमा शोको मर्मत सम्भार उत्खनन कर्ताले गर्नु पर्नेछ ।

(ङ) स्थानीय नागरिकहरूबाट भएको उत्खनन र ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खननकर्ताले गर्नुपर्नेछ।

(च) ओसारपसारका लागि लोड भएको सवारी साधन भित्री सडक किनारामा रोकि राख्न पाइने छैन ।

१४. धरौटी फिर्ता : जग्गाधनीले दफा १३ को (ख) बमोजिमको चलानपुर्जा तथा टेरिज पेश गरेको मितिले १५ दिनभित्र कार्यालयले जाँचबुझ गरी दफा ८ को उपदफा (२) बमोजिमको धरौटी फिर्ता दिनु पर्नेछ ।

## परीच्छेद-४
## कार्यविधि पालना गर्ने गराउने सम्बन्धी व्यवस्था

१५. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था : यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत अनुसार खानीजन्य पदार्थको संकलन उत्खनन तथा ओसारपसार सम्बन्धी भएका काम कारबाहीको अनुगमन गर्न गाउँपालिकाको उपाध्यक्ष संयोजक रहेको अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

१६. शर्त उल्लङ्घन गर्ने उपर कारबाही : खानेजन्य पदार्थ सङ्कलन उत्खनन र ओसारपसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाइएमा यस्तो उत्खननकर्ता वा ढुवानीकर्तालाई देहाय बमोजिमको कारबाही हुनेछ ।

(क) तोकेको स्थानमा बाहेक अन्यत्र खानीजन्य पदार्थ संकलन वा उत्खनन गरेमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोके बमोजिमको जरिवाना असुल गरिनेछ ।

(ख) स्वीकृत भएको परिमाण र गहिराई भन्दा बढी सङ्कलन वा उत्खनन गरेको पाइएमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक एनले तोके बमोजिम जरिमाना लिई उत्खनन गरेको स्थानको खाडलपूर्ण लगाइनेछ ।

(ग) इजाजतमा तोकिएको साधनबाहेक अन्य साधनबाट उत्खनन तथा ओसारपसार गरेमा वा यस कार्यविधिको दफा १८ बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने जग्गा धनीको इजाजत पत्र तत्कालै खारेज गरिनेछ ।

१७. धरौटीबाट असुल उपर गर्न सक्ने : दफा १६ बमोजिमको कारबाहीबाट निर्धारित जरिवाना सम्बन्धीत जग्गाधनीले नबुझाएमा वा निजले पूरा गर्नुपर्ने कुनै दायित्व पूरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ।

१८. निर्देशन पालना गर्नुपर्ने : खानीजन्य पदार्थको सङ्कलन उत्खनन तथा ओसारपसार कार्यको इजाजत प्राप्त व्यक्ति वा संस्थाले प्राप्त गरेको इजाजत पत्रमा उल्लेख भएको शर्तका अतिरिक्त अनुगमन पश्चात कार्यालयले दिएको थप निर्देशन पालना गर्नु सम्बन्धित जग्गाधनीको कर्तव्य हुनेछ ।

१९. बाधा अड्काउ फुकाउने अधिकार : (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानुनको मूलभूत कुरामा तात्विक असर नपर्नेगरी मात्र गर्न सकिनेछ ।

२०. बचाउ यस कार्यविधिमा लेखिएका कुरा यसै बमोजिम र नलेखेको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन सङ्कलन तथा बिक्री वितरणको लागि गाउँपालिकामा दिने निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यू                                                  मिति : ...............

रुन्टीगढी गाउँपालिकाको कार्यालय

होलेरी, रोल्पा

विषय : निजि जग्गाबाट संकलन तथा उत्खनन वाट निस्कने खानीजन्य पदार्थ ओसारपसारको लागि इजाजत सम्वन्धमा ।

मेरो नाममा मालपोत कार्यालय रोल्पामा दर्ता श्रेष्टा कायम भएको रोल्पा जिल्ला रुन्टीगढी गाउँपालिका वडा नं. ....... साविका ................... गा.वि.स. वडा नं. ......... को कि.नं. ................. क्षेत्रफल ................. मा ............... .............. ........... कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन गर्ने इजाजत पाउन सादर अनुरोध गर्दछु । उत्खनन वाट निस्केका पदार्थ अन्यत्र ओसारपसार गर्ने /नगर्ने भएकोले नियमानुसार दस्तुर लिई इजाजत पाउन अनुरोध गर्दछु ।तपसिल वामोजिमको कागजातहरु यसै निवेदन साथ संलग्न रहेका छन ।

तपसिल

(क) जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी

(ख) नेपाली नागरीकताको प्रमाण पत्र को प्रतिलिपी

(ग) वडाको चारकिल्ला सहितको सिफारीस पत्र

(घ) जग्गाको भुमी कर (मालपोत) तिरेको रसिदको प्रतिलिपी

(ङ) जग्गाको कित्ता नम्बर खुलेको नापी नक्साको प्रतिलिपि

(च) उत्खनन गर्न प्रस्ताव गरिएको जग्गाका संधियारहरूको जग्गाधनीको सहमति

निवेदक

नामथर :..........

ठेगाना :..............

दस्तखत :.............

मोबाइल नं. :..........

अनुसूची २

दफा ७ (ख) सँग सम्बन्धित

स्थलगत रूपमा समाजिक तथा वातावरण लेखाजोखा गर्ने फारम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
रुन्टीगढी गाउँपालिकाको कार्यालय
होलेरी, रोल्पा

निजी जग्गामा उपकरणको प्रयोग गरी वा नगरी निजी जग्गामा खेती योग्य बनाउने भवन निर्माण कार्य गर्ने जग्गाको सतह वा भूगर्भमा रहेको खानीजन्य पदार्थको संकलन उत्खनन तथा ओसारपसार कार्यका लागि प्रारम्भिक चरणमा स्थलगत रूपमा गरिएको सम्भाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन ।

१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रूपमा गरिएको प्रमाणीकरण :

क) जग्गाधनीको नाम थर :

ख) सम्पर्क नम्बर :

ग) ठेगाना :

घ) खेतीयोग्य बनाउने वा भवन निर्माण कार्य गर्न प्रस्तावित स्थानको ठेगाना :

ङ) प्रस्तावित जग्गाको कित्ता नम्बर——.. क्षेत्रफल———.

च) गाउँपालिकाको वडा नम्बर—— को सिफारिस मिति——— चलानी नम्बर——

छ) खेतीयोग्य बनाउने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन गर्नुपर्नाको कारण निवेदकको भनाइ

……………………………………………………………………………………

ज) खेतीयोग्य बनाउने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन कार्यका लागि संधियार र छरछिमेकीहरूको भनाई राय ——————.

झ) खेतीयोग्य बनाउने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन सम्बन्धमा प्राविधिक कर्मचारीको राय—————

उल्लेखित विवरण मैले सम्बन्धित कार्य स्थल मा गई सत्य तथ्य बुझी पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भने सही गर्ने

दस्तखत :

कर्मचारीको नाम थर :

पद :

मिति :

२. प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणकरण :

क) खेती योग्य बनाउने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन गर्ने प्रस्तावित स्थानको क्षेत्रफल :

ख) प्रस्तावित स्थानको औसत लम्बाइ——— चौडाइ——.. उचाइ——..

ग) सङ्कलन वा उत्खनन गर्दा निस्कने सबै पदार्थको अनुमानित कुल परिमाण——.

घ) प्रस्तावित स्थानबाट हटाउनु पर्ने वा ओसारपसार हुनसक्ने खानेजन्य पदार्थको अनुमानित परिमाण

१. ढुङ्गा वा गिट्टी वा बालुवा वा चि

२. ग्राभेल वा पूरुवा

३. माटो
४. चट्टान वा स्लेत
ङ) प्रस्तावित स्थानबाट सङ्कलन वा उत्खनन र ओसारपसार गर्ने औजार वा ढुवानी साधन
१. दैनिक ओसारपसार हुनसक्ने अनुमानित परिमाण
२. ओसारपसार गरी लैजाने सम्भावित स्थानहरू
३. वा सङ्कलन गर्न प्रयोग गरिने मेसिनरी औजारहरूको विवरण
४. ओसारपसारमा प्रयोग हुने ढुवानी साधनहरू र संख्या
च) उत्खनन कार्य सम्पन्न हुने प्रस्तावित मिति :
छ) कार्य सम्पन्न भएपछि निरीक्षण गराउने मिति :
उल्लेखित सबै विवरण गाउँपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नापजाँच तथा सोधपुझ गरी भरेका हुन् भनी सही गर्ने :
दस्तखत
जग्गाधनीको नाम थर :
मिति :
उल्लेखित सबै विवरणहरू मैले सम्बन्धित स्थलमा गई जग्गाधनीको रोहबरमा तयार गरेको हुँ। सबै विवरणहरू सही सत्य छन् भनी सही गर्ने ।
दस्तखत
कर्मचारीको नाम थर :
पद :
मिति :
३. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणीकरण :
क) खेती योग्य बनाउने वा भवन निर्माण कार्य गर्ने जग्गाको चार किल्लाको संधियारहरूको विवरण र मन्जुरी :

हाम्रो जग्गाको साँध सिमानामा रहेको जग्गाधनी श्री——...... को जग्गामा निजले——.......—. कार्य गर्ने प्रस्ताव गरेको कुरा थाहा भयो । निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपसिलका जग्गा धनीहरूलाई कुनै आपत्ति छैन । भनी रुन्टीगढी गाउँपालिका वडा नम्बर–.. का वडा अध्यक्ष /सदस्य श्री——. को रोहबरमा मन्जुर गरी दस्तखत गरिदियौं ।
चार किल्लामा जग्गाधनीको नाम थर र दस्तखत
पूर्व श्री———.
पश्चिम श्री———
उत्तर श्री——.
दक्षिण श्री——..
साछीहरू
१.
२.
३.
ख) संकलनमा उत्खनन भई निस्कने पदार्थहरू ओसारपसार गरी लैजाने भित्री सडकहरूको नाम :
ग) उक्त सडकको वरिपरि बस्ने स्थानीय बासिन्दाहरूको प्रतिक्रिया ————————————.
घ) ओसारपसारको क्रममा पर्न सक्ने वातावरणीय असरहरू ——————.

ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनुपर्ने सावधानीहरू——————.

प्रस्तावित जग्गा खेतीयोग्य बनाउने वा भवन निर्माण कार्य गर्न खानीजन्य पदार्थको संकलन वा उत्खनन गर्ने क्षेत्र वा सिमाना पानीको मुहान, रूख, बिरुवा, नदी, ताल, सांस्कृतिक र वा पुरातात्विक सम्पदा वन सार्वजनिक जग्गा वा अन्य त्यस्तै संरक्षित वा संवेदनशील क्षेत्र पर्ने वा नपर्ने (पर्ने भए के कस्ता हो विस्तृतमा उल्लेख गर्ने) ————

स्थलगत अध्ययन गरी सबै विवरणहरू ठिक भएकोले———– गर्ने

इजाजत दिन उपयुक्त छ भनी सिफारिस गर्नेको

दस्तखत :

कर्मचारीको नामथर :

पद :

मिति :

४. सम्बन्धित शाखा प्रमुखको राय

स्थलगत अध्ययन विवरण र प्राविधिक नापजाँचका आधारमा——————. इजाजत दिन मनासिप भएकोले सिफारिस गर्दछु ।

दस्तखत :

शाखा प्रमुखको नामथर :

पद :

मिति :

५. राजस्व शाखाको राय

राजस्व निर्धारण——..

राजस्व बुझाएको विवरण——

नगदी रसिद नं. ——.

धरौटी बुझाएको विवरण ——.

धरौटी रसिद नम्बर———..

दस्तखत :

शाखा प्रमुखको नामथर :

मिति :

६. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी———.. प्रयोजनका लागि खानीजन्य पदार्थ संकलन वा उत्खनन गर्न स्वीकृत दिने अधिकारीको

दस्तखत :

नामथर :

पद :

मिति :

अनुसूची ३

दफा ७ (घ) सँग सम्बन्धित

निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन संकलन तथा बिक्री वितरण गर्दा लाग्ने राजस्वको दर रेट

| क्र.सं. | प्राकृतिक स्रोत साधनको विवरण | दररेट |
|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा प्रति घन मिटर | रु १७५।- |
| २ | ग्राभेल/ पूरुवा प्रति घन मिटर | रु ८०।- |
| ३ | माटो प्रति घन मिटर | रु २०।- |
| ४ | चट्टान/ स्लेट प्रति घन मिटर | रु २५०।- |

कार्यालयबाट स्वीकृति मिति——.
प्रमाणीकरण मिति——..
प्रमाणकरण गर्ने पदाधिकारी जनक पुन अध्यक्ष

आज्ञाले,
धनि प्रसाद खड्का
प्रमुख प्रशासकीय अधिकृत